श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३२ सालको अध्यादेश नं. ४

**स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्वर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

## गाउँ पञ्चायत ऐन, २०१८ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : गाउँ पञ्चायत ऐन, २०१८ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ९७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "गाउँ पञ्चायत (छैठौं संशोधन) अध्यादेश, २०३२" रहेको छ ।

(२) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अरू दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा सोही सूचनामा तोकिएको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. गाउँ पञ्चायत ऐन, २०१८ को दफा २ मा संशोधन : गाउँ पञ्चायत ऐन, २०१८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–

"(२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "गाउँ पञ्चायत" भन्नाले दफा १३ बमोजिम गठन गरिएको गाउँ पञ्चायत सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "गाउँ सभा" भन्नाले दफा ३ बमोजिम गठन गरिएको गाउँसभा सम्झनु पर्छ।

(ग) "वडा समिति" भन्नाले दफा ३ को उपदफा (३) बमोजिम गठन भएको वडा समिति सम्झनु पर्छ।

(घ) कुनै गाउँ पञ्चायतको सम्बन्धमा "सदस्य" भन्नाले प्रधानपञ्च र उपप्रधान-पञ्चलाई समेत जनाउँछ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ।

३. मूल ऐनको परिच्छेद २ मा संशोधन : मूल ऐनको परिच्छेद २ को सट्टा देहायको परिच्छेद २ राखिएको छः–

परिच्छेद २

गाउँ सभाको गठन र वडा विभाजन

३. गाउँ सभाको गठन र वडा विभाजनः (१) दफा १२ बमोजिम घोषित गाउँ पञ्चायत क्षेत्रमा गाउँ सभाको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गाउँ सभा गठन गर्नको निमित्त सम्बन्धि[त] जिल्ला पञ्चायतले वा सो पञ्चायतले खटाएको अधिकृतले यथासम्भव बराबर जनसंख्[या] पर्ने गरी गाउँ पञ्चायत क्षेत्रलाई जम्मा नौ वडामा विभाजन गर्नेछ।

(३) प्रत्येक वडाका एक्काईस वर्षको उमेर पूरा गरेका, मगज नबिग्रेका र वडामा स्थायी बसोबास गरेका नेपाली नागरिकले आफूमध्येबाट गाउँ सभाको ला[गि] पाँच जना सदस्यहरूको निर्वाचन गर्नेछन्। सबै वडाबाट यसरी पाँच जनाको हि[साबले] निर्वाचित सदस्यहरू भएको गाउँ सभाको गठन हुनेछ।

(४) उपदफा (३) बमोजिम प्रत्येक वडामा सो वडाबाट निर्वाचित पाँ[च] गाउँ सभाका सदस्यहरूको वडा समिति हुनेछ। दफा १२ को उपदफा (४) को (क) अनुसार गाउँ पञ्चायतको सदस्यमा निर्वाचित भएको व्यक्ति सो वडा समि[तिको] अध्यक्ष हुनेछ।

(५) गाउँ सभाका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(६) गाउँ सभाका सदस्यको पदावधि समाप्त हुने गणना गर्दा सो ... समाप्त हुने सालको पौष मसान्तमा समाप्त भएको मानिनेछ।

(७) कुनै कारणवश निर्धारित निर्वाचन समयमा गाउँ सभाका सदस्य प[द] निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भएमा पनि सो निर्वाचनमा ... सदस्यको पदावधि गणना गर्दा निर्धारित निर्वाचन समयमा निर्वाचन भ[एको] मा[नी] गणना गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२२२

(८) कुनै गाउँ सभाको सदस्यको पद निजको पदावधि समाप्त नहुँदै बीचमा कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति कानूनमा व्यवस्था भए बमोजिम सहवरणद्वारा गरिनेछ।

(९) वडाको सीमानाको हेरफेर सम्बन्धित वासिन्दाहरू वा सम्बन्धित गाउँ वा जिल्ला पञ्चायतले सिफारिश गरेमा वा अरू कुनै मनासिब कारणले उपयुक्त देखिएमा अञ्चलाधीशले गर्न सक्नेछ।

४. <u>गाउँ पञ्चायत, गाउँ सभा र वडा समितिको पुनर्गठन</u> : गाउँ पञ्चायतको क्षेत्र थपघट हुँदा श्री ५ को सरकारले आवश्यकतानुसार गाउँ पञ्चायत, गाउँ सभा वा वडा समितिलाई भंग गरी र वडाहरूको पुनर्विभाजन गरी अर्को गठन गर्न सक्नेछ।

५. <u>नामनामेसीको लगत किताब</u> : गाउँ पञ्चायतको क्षेत्र घोषित भएपछि जिल्ला पञ्चायतले सो गाउँ पञ्चायत क्षेत्रभित्र साधारणतया बसोबास गर्ने सबै व्यक्तिको तोकिएको ढाँचाको एउटा लगत किताब तयार गर्न लगाउनेछ। सो लगत किताबमा गाउँ सभाको मतदाता हुन पाउने र नपाउने व्यक्तिहरू स्पष्ट छुट्टिने गरी नामनामेसी लेखी राखिनेछ। त्यस किसिमबाट तैयार भएको लगत किताबमा तोकिएको तरीकाले प्रत्येक वर्ष एक पटक आवश्यक थपघट जनाई दुरुस्त गरी राखिनेछ।

६. <u>गाउँ सभाको सदस्यको निमित्त चाहिने योग्यता</u> : गाउँ सभाको सदस्यमा निर्वाचित हुन देहाय बमोजिमको योग्यता हुनु पर्छ:—

(क) दफा ३ को उपदफा (३) बमोजिम मतदाता हुन योग्यता पुगेका,

(ख) गाउँ पञ्चायतलाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाई सकेको, र

(ग) कुनै कानूनले अयोग्य नभएको।

<u>गाउँ सभाको सदस्यता कायम नरहने अवस्था</u> : देहायको अवस्थामा गाउँ सभाको सदस्यता कायम रहने छैन:—

(क) दफा ६ बमोजिमको योग्यता नभएमा,

(ख) आफू बसोबास गरी आएको क्षेत्र सम्बन्धित गाउँ पञ्चायतको क्षेत्रबाट झिकिएमा,

(ग) अन्य कुनै नगर पञ्चायत वा गाउँ पञ्चायतको निर्वाचनमा मतदाता वा उम्मेदवार भएमा,

(घ) जिल्ला पञ्चायतको सदस्य भएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) राजीनामा दिएमा, वा

(च) कानून बमोजिम प्रत्याह्वान गरिएमा।

८. गाउँ सभाको गठनको काममा पर्न आएको बाधा हटाउने : गाउँ सभाको गठनको काममा यो ऐन वा यस ऐन अन्तर्गत बनेका कुनै नियमको व्याख्या गर्नु पर्ने वा त्यस्तो व्याख्याबाट उठेको विषयमा वा यस ऐनमा नखुलेको कुरामा कुनै बाधा उपस्थित हुन आयो भने श्री ५ को सरकारमा जाहेर गरी निकासा भए बमोजिम गर्नु पर्छ।

४. मूल ऐनको परिच्छेद ४ मा संशोधन : मूल ऐनको परिच्छेद ४ को सट्टा देहायको परिच्छेद ४ राखिएको छः–

परिच्छेद ४

गाउँ पञ्चायतको गठन र क्षेत्र

१२. गाउँ पञ्चायतको गठनः (१) आवश्यक जाँचबूझ गरी श्री ५ को सरकारले कुनै ग्रामीण क्षेत्रलाई गाउँ पञ्चायत क्षेत्र घोषित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा गठन हुने गाउँ पञ्चायतको नाम, सीमाना र जनसंख्या खुलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गर्नेछ।

(३) यस दफा बमोजिम गठन गरिएको गाउँ पञ्चायतको नाम र सीमाना सम्बन्धित क्षेत्र र वरिपरिका वासिन्दा वा गाउँ पञ्चायत र सम्बन्धित जिल्ला पञ्चायतको सिफारिशमा वा कुनै मनासिब कारण देखिएमा श्री ५ को सरकारले हेरफेर गर्न सक्नेछ र त्यस्तो हेरफेरको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ।

(४) प्रत्येक गाउँ पञ्चायतमा देहाय बमोजिमका सदस्य रहने छन्ः–

(क) गाउँ सभाका प्रत्येक वडाका सदस्यहरूमध्येबाट एक जनाका हिसाबले गाउँ सभाका सम्पूर्ण सदस्यहरूले निर्वाचन गरी पठाएका नौ जना सदस्यहरू, र

(ख) गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिबाट मनोनीत दुई जना सदस्यहरू।

(५) उपदफा (४) को खण्ड (ख) बमोजिम मनोनयन गर्दा–

(क) सम्बन्धित गाउँ पञ्चायतका निर्वाचित सदस्यहरूमध्ये कोही पनि महिला नभएमा सो गाउँ पञ्चायत क्षेत्रका निवासी एक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२०

जना महिलालाई मनोनीत गरिनेछ ।

(ख) सोही गाउँ पञ्चायत क्षेत्रका निवासीमध्ये समाजसेवी, बुद्धिजीवी, अल्पसंख्यक तथा पिछडिएका वर्गलाई प्राथमिकता दिइनेछ ।

(६) गाउँ पञ्चायतका सदस्यहरूले सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले आफूमध्येबाट प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचन गर्नेछन् । कुनै उम्मेदवारले सो बमोजिमको बहुमत प्राप्त गर्न नसकेमा गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले गाउँ पञ्चायतका सदस्यहरूमध्येबाट प्रधानपञ्च र उपप्रधान पञ्च मनोनीत गर्नेछ ।

(७) गाउँ पञ्चायतको प्रधानपञ्च, उपप्रधानपञ्च र उपदफा (४) को खण्ड (ख) बमोजिम मनोनीत सदस्य गाउँ सभाको पदेन सभापति, उपसभापति र सदस्य हुनेछन् ।

(८) गाउँ पञ्चायतको प्रधानपञ्च, उपप्रधानपञ्च र अन्य सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(९) गाउँ पञ्चायतका सदस्यको पदावधि समाप्त हुने गणना गर्दा सो पदावधि समाप्त हुने सालको पौष मसान्तमा समाप्त भएको मानिनेछ ।

(१०) कुनै कारणवश निर्धारित निर्वाचन समयमा गाउँ पञ्चायतका सदस्य-हरूको निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भएमा पनि सो निर्वाचनमा निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित निर्वाचन समयमा निर्वाचन भए सरह सम्झी गणना गरिनेछ ।

(११) मनोनीत सदस्यहरूको पदावधि मनोनयन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(१२) गाउँ पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च तथा सदस्यहरूको पद निजको पदावधि समाप्त नहुँदै बीचमा कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति कानूनमा व्यवस्था भए बमोजिम सहवरण-द्वारा गरिनेछ ।

(१३) उपदफा (४) को खण्ड (ख) बमोजिम मनोनीत सदस्यको रिक्त पदको पूर्ति अर्को मनोनयनद्वारा गरिनेछ ।

१३. गाउँ पञ्चायतको सदस्यको निमित्त चाहिने योग्यता : गाउँ पञ्चायतको सदस्यमा निर्वाचित वा मनोनीत हुन देहाय बमोजिमको योग्यता भएको हुनुपर्छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

328

(क) दफा ६ बमोजिमको योग्यता भएको,

(ख) दफा ७ बमोजिमको अयोग्यता नभएको,

(ग) गाउँ पञ्चायतसंगको ठेक्कापट्टा वा अचल सम्पत्तिसम्बन्धी व्यवहारमा कुनै प्रकारको निजी स्वार्थ नभएको, र

(घ) कुनै कानूनले अयोग्य नभएको।

१४. गाउँ पञ्चायतको सदस्यता कायम नरहने अवस्था: देहायको अवस्थामा गाउँ पञ्चायतको सदस्यता कायम रहने छैन:—

(क) दफा १३ बमोजिम योग्य नभएमा,

(ख) मनासिब माफिकको कारण सहितको सूचना नदिई गाउँ पञ्चायतको बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) जिल्ला पञ्चायतको सदस्य भएमा,

(घ) राजीनामा दिएमा, वा

(ङ) कानून बमोजिम प्रत्याह्वान गरिएमा।

१५. काम कारवाई सदर मानिने: यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ सभा वा गाउँ पञ्चायतको गठनमा कुनै त्रुटि वा कुनै सदस्यको स्थान रिक्त भई काम कारवाई भएको रहेछ भने सोही कारणले मात्र सो गाउँ सभा वा गाउँ पञ्चायतका काम कारवाई बदर हुने छैन।

१६. शपथ लिनुपर्ने: निर्वाचित वा मनोनीत भएपछि यथासम्भव चाँडो गाउँ पञ्चायतका प्रधान पञ्च र उपप्रधान पञ्चले सम्बन्धित जिल्ला न्यायाधीश समक्ष र अन्य सदस्यहरूले प्रधान पञ्च वा निजको अनुपस्थितिमा उपप्रधान पञ्च र दुबैको अनुपस्थितिमा सम्बन्धित जिल्ला न्यायाधीश समक्ष अनुसूची बमोजिमको शपथ लिनु पर्नेछ।

१७. गाउँ पञ्चायत संगठित संस्था हुने: (१) प्रत्येक गाउँ पञ्चायत अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) गाउँ पञ्चायतले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ।

(३) गाउँ पञ्चायतले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. राजीनामा : गाउँ पञ्चायतका प्रधान पञ्च, उपप्रधान पञ्च, सदस्य र गाउँ सभाका सदस्यले लिखित राजीनामा सम्बन्धित गाउँ पञ्चायतको कार्यालयमा दाखिल गरी पद त्याग गर्न पाउनेछ ।

१९. प्रधान पञ्चको अधिकार तथा कर्तव्य : प्रधान पञ्चको अधिकार तथा कर्तव्य देहाय बमोजिमको हुनेछः–

(क) महीनाको एक पटक भन्दा नघटाई समय समयमा आवश्यकतानुसार गाउँ पञ्चायतको बैठक बोलाउने र आफू बाहेक तीन खण्डको दुई खण्ड सदस्य उपस्थित भएमा बैठक गर्ने ।

(ख) बैठकमा प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने गराउने ।

(ग) बैठकमा निर्णयात्मक मत (काष्टिङ्ग भोट) को प्रयोग गर्ने ।

(घ) बैठकमा सर्वसम्मति वा बहुमतले पारित भएको प्रस्तावहरूलाई कार्यान्वित गर्ने गराउने ।

(ङ) गाउँ पञ्चायतका कर्मचारीहरूको कामको रेखदेख गर्ने ।

(च) गाउँ पञ्चायतको धनमाल हेरविचार गर्ने ।

(छ) जिल्ला पञ्चायतले मागेको प्रतिवेदन पेश गर्ने र गाउँ पञ्चायतले पारित गरेको प्रस्तावमा मुख्य मुख्य कामको विवरण तोकिएको समयमा पठाउने ।

(ज) गाउँ सभा र गाउँ पञ्चायत सम्बन्धमा स्याहा स्रेस्ता र अरू कागजपत्र दुरूस्त राख्ने र राख्न लगाउने ।

(झ) गाउँ पञ्चायतले कुनै अख्तियारी गरी दिएमा सो बमोजिम काम गर्ने ।

(ञ) मनासिब माफिकको कारण देखेमा गाउँ सभाको असाधारण बैठक बोलाउने ।

(ट) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियममा प्रधान पञ्चले गर्नु भनी लेखेको काम गर्ने ।

(ठ) गाउँ पञ्चायतको बजेटमा परेको कुनै स्वीकृत रकममध्येबाट एक पटकमा तीन सय रूपैयाँमा नबढाई आवश्यकतानुसार आफ्नो तजबीजले खर्च गर्ने निकासा दिने र सोभन्दा बढीको अङ्कमा गाउँ पञ्चायतको स्वीकृति लिएर गर्ने तर सो आफ्नो तजबीजले दिएको खर्चको निकासाको कुरा गाउँ पञ्चायतको आगामी बैठकमा पेश गर्ने ।

२०. उपप्रधान पञ्चको कर्तव्य र अधिकार : उपप्रधान पञ्चको कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:–

(क) प्रधान पञ्चको अनुपस्थितिमा गाउँ पञ्चायतको बैठकमा सभापतित्व गर्ने, र

(ख) प्रधान पञ्च हाजिर नभएका बखत दफा १९ बमोजिम प्रधान पञ्चको कर्तव्यको पालन तथा अधिकारको प्रयोग गर्ने।

२१. प्रधान पञ्चले आफ्नो अख्तियारीभित्रको केही काम उपप्रधान पञ्चद्वारा गराउन हुने : प्रधान पञ्चले गाउँ सभा वा गाउँ पञ्चायतको बैठक बोलाउने र सो बैठकको सभापतित्व गर्ने काम बाहेक आफ्नो अख्तियारीभित्रको कुनै काम उपप्रधान पञ्चद्वारा आफ्नो रेखदेखमा गराउन हुन्छ। सो काम गराउँदा निजलाई लिखित आदेश दिएर गराउनु पर्छ।

२२. रिक्त अवस्थामा काम चलाउने : गाउँ पञ्चायतका प्रधान पञ्च र उपप्रधान पञ्च दुबैको पद रिक्त रहेको अवस्थामा सो मध्ये कुनै एक पदको पूर्ति नभएसम्म प्रधान पञ्चको काम, कर्तव्य र अधिकारको प्रयोग तथा पालन गाउँ पञ्चायतका तत्काल कायम रहेका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ।

५. मूल ऐनको परिच्छेद ५ मा संशोधन : मूल ऐनको परिच्छेद ५ को सट्टा देहायको परिच्छेद ५ राखिएको छ :

परिच्छेद ५

गाउँ पञ्चायतको चल अचल सम्पत्ति

२३. गाउँ पञ्चायत कोष : (१) हरेक गाउँ पञ्चायतमा एउटा कोष हुनेछ जसलाई गाउँ पञ्चायत कोष भनिनेछ।

(२) गाउँ पञ्चायतमा देहायका रकम कलमहरू राखी आम्दानी बाँध्नु पर्छ :–

(क) यो ऐन बमोजिम उठाउन पाउने कर, दस्तूर वा रकमबाट आएको आयस्ता।

(ख) श्री ५ को सरकारले गाउँ पञ्चायतलाई दिएको जिन्सी नगदी सहायता।

(ग) गाउँ पञ्चायतका कर्मचारीहरूले बटुलेको माटो, मैला, गोबर र सिनु इत्यादि बिक्रीबाट उठेको रकम।

(घ) गाउँ पञ्चायतले सापट कर्जा लिएको रकम।

(ङ) नगर पञ्चायत वा अरू कुनै गाउँ पञ्चायतले मद्दत गरेको रकम।

(च) श्री ५ को सरकारको विशेष वा सामान्य आदेशद्वारा गाउँ पञ्चायत कोषको निमित्त परसारिएको रकम।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६१

(छ) जिल्ला पञ्चायत वा अन्य कुनै संस्थाबाट प्राप्त सहायता।

(ज) काँजी हाउसको जरीवाना इत्यादिको आम्दानी।

(झ) गाउँ पञ्चायतको औषधालयबाट उठेको आम्दानी।

(ञ) गाउँ पञ्चायतको चल अचल सम्पत्तिबाट उठेको आम्दानी।

(ट) गाउँ पञ्चायतले ऐन बमोजिम गरेको दण्ड जरीवानाबाट उठेको रकम।

(ठ) कुनै व्यक्ति, संघ वा संस्थाबाट गाउँ पञ्चायतले प्राप्त गरेको चन्दा, दान दातव्य वा अन्य कुनै रकम।

(ड) गाउँ पञ्चायतले दिएको ठेक्काबाट प्राप्त भएको रकम।

२४. गाउँ पञ्चायतको हकको सम्पत्ति: (१) गाउँ पञ्चायत क्षेत्रभित्रको देहायका कलमहरू उपर गाउँ पञ्चायतको पूरा हक हुनेछ। तिनीहरू गाउँ पञ्चायतको कब्जामा रहनेछन् र गाउँ पञ्चायतले तिनको रेखदेख प्रबन्ध गर्नु पर्नेछ।

(क) गाउँ पञ्चायत कोषबाट बनेको, खरीद भएको र श्री ५ को सरकारले वा कुनै व्यक्तिले दिएको सम्पत्ति।

(ख) कुनै व्यक्ति विशेषको निजी हक अधिकार नभएको र श्री ५ को सरकार वा जिल्ला पञ्चायतको नियन्त्रणमा नरहेको गाउँ पञ्चायतको क्षेत्रभित्रको सार्वजनिक ढल, नाल, पुल, पोखरी, देवालय, शिवालय, पाटी, पौवा, कुवा, धारा, इनार, गौचर पानीघाट, निकास, बाटो, र बाटोको दायां बायांका रूखहरू र श्री ५ को सरकार वा जिल्ला पञ्चायतले उपयोग गर्न नचाहेका गाउँ पञ्चायत क्षेत्रभित्रका खानीहरू।

(ग) बढीमा ५२ रोपनी वा ४ विगहासम्म कसैको हकभोग नभएका पर्ती जग्गा।

(घ) प्रचलित वनसम्बन्धी ऐन वा वन नीति अनुसार पञ्चायती वन भनी श्री ५ को सरकारले छुटयाइदिएको वन।

तर त्यस्तो वनको सम्बन्धमा वन ऐनद्वारा श्री ५ को सरकारमा रहेको अधिकारमा यस दफाको कुनै कुराले बाधा पुऱ्याउने छैन।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको सम्पत्तिको हानी नोक्सानी हुन नपाउने गरी गाउँ पञ्चायतले बेच विखन गर्न सक्नेछ। तर खण्ड (ख) र (ग) बमोजिम सम्पत्ति आफ्नो हक छोडी बेच विखन गर्ने अधिकार गाउँ पञ्चायतलाई हुने छैन।

तर पुरानो रूख झिकी नयां लगाउने जस्ता उन्नतिका काम गर्न सक्नेछ।

स्पष्टीकरण: सट्टा भर्ना राखी नास्नु, मास्नु वस्ती बसाल्नु तथा सार्वजनिक हितका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि सो ठाउँमा घर भवन बनाई दिनु जस्ता सार्वजनिक हितका कामलाई नासे-मासेको मानिने छैन ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको सम्पत्ति सार्वजनिक हितको विचार गरी धर्म लोप नहुने गरी गाउँ पञ्चायतले रूपान्तर गर्न सक्नेछ ।

२५. सापटी कर्जा लिने अधिकार : जिल्ला पञ्चायतको स्वीकृति लिई गाउँ पञ्चायतले यस ऐन बमोजिमको कुनै कामको निमित्त तोकिएको शर्त वन्देजमा रही सापटी कर्जा लिन हुन्छ तर दुई हजार रूपैयाँसम्मको कर्जा लिंदा जिल्ला पञ्चायतको स्वीकृति लिन पर्ने छैन ।

२६. गाउँ पञ्चायतले ठेक्न र उठाउन हुने कर, दस्तूर इत्यादि : (१) गाउँ पञ्चायतले देहाय बमोजिमको कर वा दस्तूर तोकिए बमोजिम ठेक्न र उठाउन सक्नेछः–

(क) तोकिएको व्यापार वा पेशामा कर,

(ख) आफ्नो क्षेत्रमा सवारी राख्दाको दस्तूर,

(ग) आफ्नो इलाकाभित्रको मेला, बजार, हाटमा चौपायाहरूको खरीद बिक्री गर्दाको दस्तूर,

(घ) वाल विटौरी, मेला धाम वा बैठकी दस्तूर ।

(२) उपदफा (१) बमोजिम कर तिर्नु पर्ने व्यक्तिहरूबाट तोकिए बमोजिम उठाउने छ । सो बमोजिम कर उठाउँदा नगदीमा उठाउनु पर्छ ।

(३) विदेशबाट नेपाल अधिराज्यभित्र आएको तोकिएको सवारीमा प्रत्येक पटक उक्त सवारी सबभन्दा पहिले जुन गाउँ पञ्चायतको क्षेत्रमा प्रवेश गर्छ सो गाउँ पञ्चायतले तोकिए बमोजिम कर लगाउन सक्नेछ र एक गाउँ पञ्चायतको क्षेत्रमा त्यस्तो कर तिरेपछि अन्यत्र लाग्ने छैन ।

(४) श्री ५ को सरकारबाट गाउँ पञ्चायतको जिम्मा दिइएका खर्कहरूमा पशु चराउने वा त्यस्ता खर्कबाट उत्पादन भएका घांस आदि चीज वस्तु उठाई लैजाने व्यक्ति उपर गाउँ पञ्चायतले तोकिए बमोजिम दस्तूर लगाई असूल उपर गर्न सक्ने छ र त्यसरी असूल उपर भएको रकमको सयकडा ५० सम्बन्धित जिल्ला पञ्चायतलाई बुझाउनु पर्नेछ ।

(५) यस दफा बमोजिम ठेकिने र उठाइने कर, दस्तूर वा रकम यो यो हिसाबले यति यति ठेकिने, उठाइने भनी जिल्ला पञ्चायत छेउ गाउँ पञ्चायतले सूचना गर्नुपर्छ ।

(६) यस ऐन बमोजिम कुनै व्यक्तिलाई लागेको कर वा दस्तूर त्यस्तो व्यक्तिले गाउँ पञ्चायतलाई नतिरेमा गाउँ पञ्चायतले सो बांकीको लगत सम्बन्धित कोष तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तहसिल कार्यालयलाई दिनु पर्छ र सो कार्यालयले सरकारी बांकी सरह असूल उपर गरी उठेको रकम गाउँ पञ्चायतलाई बुझाई दिनु पर्छ।

(७) कुनै गाउँ पञ्चायतले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू विपरित कसैबाट कुनै कर वा चन्दा उठाएमा जिल्ला पञ्चायत वा श्री ५ को सरकारले सो कार्यलाई रोक्न र त्यसरी उठाएको कर वा चन्दाको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता बुझाउन आदेश दिन सक्नेछ र सो बमोजिम गर्नु गाउँ पञ्चायतको कर्तव्य हुनेछ। एक पटक त्यस्तो आदेश भै सकेपछि पनि सोही गाउँ पञ्चायतले त्यसरी कर वा चन्दा उठाएमा श्री ५ को सरकारले त्यस्तो गाउँ पञ्चायतलाई स्थगित वा भंग गर्न सक्नेछ।

२७. गाउँ पञ्चायतकोषको संरक्षण र हिसाब किताबको उचित प्रवन्ध गर्ने : गाउँ पञ्चायतले आफूले ठेक्न उठाउन पाउने कर दस्तूर वा रकम ठेक्न, उठाउन, गाउँ पञ्चायत कोषको संरक्षण गर्न र तत्सम्बन्धी हिसाब किताब दुरुस्त राख्नका लागि जो चाहिंदो प्रवन्ध गर्नु पर्छ।

२७ क. हिसाब किताबको जांच : गाउँ पञ्चायतको हिसाब किताब सालसालै जिल्ला पञ्चायतबाट अधिकार पाएका व्यक्तिले तोकिए बमोजिम जांच्नेछ र श्री ५ को सरकारको अधिकार प्राप्त व्यक्तिले पनि हिसाब किताबको जांच गर्न सक्नेछ।

२७ ख. गाउँ पञ्चायतका प्रधान पञ्चको निमित्त पारिश्रमिक : गाउँ पञ्चायतका प्रधान पञ्चलाई आफ्नो पदमा रही काम गरे वापत गाउँ पञ्चायतकोषबाट तोकिए बमोजिमको पारिश्रमिक दिन सकिनेछ।

२७ ग. अदालतमा नालेस, उजूर पर्दा गर्ने : कुनै गाउँ पञ्चायतको प्रधान पञ्च, उपप्रधान पञ्च वा सदस्यले आफ्नो ओहदाको हैसियतले प्रचलित नेपाल कानून वा सम्बन्धित पञ्चायतको निर्णय बमोजिम गरेको वा गर्नु पर्ने कुनै कामको सम्बन्धमा कुनै अड्डा अदालतमा कसैको कुनै नालेस उजूर वा पुनरावेदन परी समाह्वान इतलायनामा म्याद पूर्जी, सूचना त्यस्तो प्रधान पञ्च, उपप्रधान पञ्च वा सदस्य उपर तामेल हुँदा त्यस्तो प्रधान पञ्च, उपप्रधान पञ्च वा सदस्य आफैं त्यस्तो अड्डा अदालतमा उपस्थित हुन वा वारेसनामा दिई सो पञ्चायतको अन्य कुनै सदस्यलाई आफ्ना तर्फबाट त्यस्तो अड्डा अदालतमा उपस्थित गराउन वा आफू वा वारेस उपस्थित नभई आफ्नो व्यहोरासम्म लेखी त्यस्तो अड्डा अदालतमा दाखिल गराउन सक्नेछ। गाउँ पञ्चायतको प्रधान पञ्च, उपप्रधान पञ्च सदस्य वा निजको वारेसलाई हाजिर नगराई नहुने अवस्था परी सम्बन्धित अड्डा अदालतले आदेश दिएमा बाहेक त्यस्तो कुनै मुद्दामा गाउँ पञ्चायतको प्रधान पञ्च, उपप्रधान पञ्च वा सदस्य वा निजको वारेस तारीखमा हाजिर भै रहनु पर्ने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६८

६. मूल ऐनको दफा ३१ मा संशोधन : मूल ऐनको दफा ३१ को,–

(१) उपदफा (१) मा रहेको "सूचना बमोजिम नगरेमा गाउँ सभामा पेश गर्नु पर्छ" भन्ने वाक्यांश झिकिएको छ।

(२) उपदफा (२) मा रहेको "गाउँ सभाका आदेश उपर" भन्ने शब्दहरू झिकिएको छ।

७. मूल ऐनको दफा ४० पछि दफा ४० क थप : मूल ऐनको दफा ४० पछि देहायको दफा ४० क थपिएको छः–

"४० क. वडा समितिलाई अधिकार सुम्पने : (१) वार्षिक कार्यक्रम, बजेट र मुख्य नीतिसम्बन्धी कुराहरूमा निर्णय लिने बाहेक अरू सामान्य दैनिक निकासाको काम गाउँ पञ्चायतले वडा समितिलाई सुम्पन सक्नेछ।

(२) वडा समितिको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि तोकिए बमोजिम हुनेछ।"

८. मूल ऐनको दफा ६७ मा संशोधन : मूल ऐनको दफा ६७ को सट्टा देहायको दफा ६७ राखिएको छः–

"६७. अटेर गर्नेलाई सजायः दफा २९ र ३२ मा लेखिएको कुनै कामको लागि गाउँ पञ्चायतले कुनै व्यक्तिलाई दिएको आदेशलाई सो व्यक्तिले नटेरेमा वा त्यस्तो काममा बाधा अडकाउ पुऱ्याएमा निजलाई दफा ६५ बमोजिम सजाय हुनेछ।

९. मूल ऐनको दफा ७१ मा संशोधन : मूल ऐनको दफा ७१ मा रहेको "गाउँ सभाका कर्मचारी" भन्ने शब्दहरूको सट्टा "गाउँ पञ्चायतका कर्मचारी" भन्ने शब्दहरू राखी सोही दफामा अन्यत्र उल्लेख भएको "गाउँ सभा" भन्ने शब्दहरू झिकिएको छ।

१०. मूल ऐनको दफा ७२ मा संशोधन : मूल ऐनको दफा ७२ मा रहेको "गाउँ सभा" भन्ने शब्दहरू र "गाउँ सभाका कर्मचारी" भन्ने शब्दहरू झिकिएको छ।

११. मूल ऐनको दफा ७५ मा संशोधन : मूल ऐनको दफा ७५ को,–

(१) उपदफा (२) को खण्ड (ख) मा रहेको "स्थापना" भन्ने शब्दको सट्टा "गठन" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को खण्ड (ग) झिकिएको छ।

१२. रुपान्तर : (१) दफा २९ को उपदफा (१) को खण्ड (घ), (छ), (ञ), (भ), (ल), उपदफा (२), उपदफा (३), दफा ३१ को उपदफा (२), दफा ३७, दफा ४० को उपदफा (२), (३), दफा ६६, दफा ७५ को उपदफा (२) को खण्ड (छ), (ज) र (झ), दफा ७६ को उपदफा (१) को खण्ड (ग) मा "गाउँ सभा" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "गाउँ पञ्चायत" भन्ने शब्दहरू राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल ऐनमा ठाउँ ठाउँमा प्रयोग भएको "इलाका" भन्ने शब्दको सट्टा "क्षेत्र" भन्ने शब्द राखी रूपान्तर गरिएको छ।

१३. मूल ऐनमा दफा ७६ क र ७६ ख थप: मूल ऐनको दफा ७६ पछि देहायको दफा ७६ क र ७६ ख थपिएको छः–

७६ क. गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिको अधिकार : गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले गर्ने भनी यस ऐनमा उल्लेख भएको काम सो समिति नरहेको अवस्थामा गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले गर्नेछ।

७६ ख. बाधा अड्काउ फुकाउने अधिकार : यो ऐन कार्यान्वित गर्न कुनै बाधा अडकाउ परेमा सो बाधा अडकाउ फुकाउन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ।

१४. खारेजी : मूल ऐनको दफा २८ खारेज गरिएको छ।

अनुसूची

(दफा १६ संग सम्बन्धित)

श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरूप्रति पूर्णतया वफादार र पञ्चायती व्यवस्थाप्रति निष्ठावान् रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पालन गर्नेछु भनी म....... ...ईश्वरको नाममा शपथ लिन्छु।

सत्य निष्ठा सहित प्रतिज्ञा गर्दछु।

लालमोहर सदर मितिः–२०३२।८।२६।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।